## एनएमबि बैंक लिमिटेडको
## तेईसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको २०७५/०९/१ गते बसेको सञ्चालक समितिको ३७२औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बोलाईएको तेईसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समयः**

मिति : २०७५ साल पौष महिना २६ गते, बिहीवार (तदनुसार जनवरी १०, २०१९)

स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : बिहान ११:०० बजे

२. **उपस्थितिः**

(अ) **सञ्चालकहरूः**

| | | |
|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | अध्यक्ष |
| (२) | श्री नन्द किशोर राठी | बैकल्पिक सञ्चालक |
| (३) | श्री राजेन्द्र काफ्ले | सञ्चालक |
| (४) | श्री हरिश्चन्द्र सुवेदी | सञ्चालक |
| (५) | श्री हरिबाबु न्यौपाने | सञ्चालक |
| (६) | श्री प्रदीप राज पाण्डे | स्वतन्त्र सञ्चालक |

(आ) **आमन्त्रित प्रतिनिधिहरूः**

| | | |
|---|---|---|
| (१) | श्री मदन नारायण मल्लिक | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| (२) | श्री नगेन्द्र प्रसाद पौडेल | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| (३) | श्री सुनिर कुमार ढुंगेल | प्रतिनिधि, श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्ट (लेखापरीक्षक) |
| (४) | श्री मदन कुमार डंगोल | प्रतिनिधि, कानुनी सल्लाहकार |
| (५) | श्री विवेक संजय बद्गामिया | प्रतिनिधि, एफएमओ, नेदरल्याण्डस् |
| (६) | श्री जेगा देवान एम. नाद्चतिरम | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |
| (७) | श्री टि पुराहरन सि पि रामकृष्णन | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |

(इ) **बैंकका पदाधिकारीहरूः**

| | | |
|---|---|---|
| (१) | श्री सुनिल के.सी. | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री प्रदीप प्रधान | चिफ अपरेटिङ्ग अफिसर |
| (३) | श्री सबनम लिम्बु जोशी | चिफ एचआर तथा विजनेस सपोर्ट अफिसर |
| (४) | श्री शरद तेगी तुलाधर | चिफ रिस्क अफिसर |
| (५) | श्री प्रमोद कुमार दाहाल | चिफ लिगल, कम्प्लायन्स एण्ड एएमएल अफिसर तथा कम्पनी सचिव |
| (६) | श्री गोविन्द घिमिरे | चिफ विजनेस अफिसर |
| (७) | श्री सुदेश उपाध्याय | चिफ विजनेस अफिसर |
| (८) | श्री नविन मानन्धर | चिफ विजनेस अफिसर |
| (९) | श्री रोशन रेग्मी | प्रमुख, अपरेशन |



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(ई) **शेयरधनीहरू:**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | १६६ | १८५४ | २०२० |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **साधारण सभासम्बन्धी सार्वजनिक सूचना:**

यस बैंकको तेईसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफलका विषयहरु बारेको सूचना मिति २०७५ साल पौष २ गते र मिति २०७५ साल पौष २० गते गरि दुई पटक राष्ट्रिय स्तरको नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिएको थियो । उक्त सुचना प्रकाशित गर्दा कम्पनी ऐन २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०७४/७५ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोही पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिवेदन बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको थियो ।

(ख) **गणपूरक संख्या:**

१. तेईसौं वार्षिक साधारण सभा प्रयोजनकोलागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७५/०९/१० मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ४३९ | १,२४,८३७ | १,२५,२७६ |
| | शेयर | ४,४५,९३,२९९.५७ | ४,२८,४४,५४२.७२ | ८,७४,३७,८४२.२९ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनकोलागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | १६६ | १८५४ | २०२० |
| | शेयर | ४,०५,८०,६०८ | १,१४,०३,८९५ | ५,१९,८४,५०३ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ९१ | २६.६२ | ५९.४५ |



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

२. यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरू उपर छलफल गर्न आज मिति २०७५/०९/२६ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा २०२० जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५९.४५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

४. **सभाको शुभारम्भ :**

वार्षिक साधारण सभा सञ्चालनका लागि बैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले राष्ट्रिय गान पश्चात उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

५. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. तेईसौं बार्षिक साधारण सभामा सञ्चालक समितिबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७४/०७५ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आ.ब. ०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने (हालका लेखापरीक्षक श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्ट पूनः नियूक्त हुनका लागि योग्य हुनुहुन्छ ।),

४. सञ्चालक समितिबाट पारित भए बमोजिम चुक्ता पूँजीको २० (बीस प्रतिशत) का दरले नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरणको प्रस्ताव स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको वर्तमान जारी पुँजी रु.८,७४,३७,८४,२२९।०६ (अक्षेरेपि रु. आठ अरब चौहत्तर करोड सैतीस लाख चौरासी हजार दुई सय उनन्तीस र पैसा छ मात्र) बाट बृद्धि गरी रु.९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि रु. नौ अरब एकसट्ठी करोड एकासी लाख वैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) पुऱ्याउन स्वीकृत गर्ने,

२. बैंकको जारी पुँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पुँजी पुऱ्याउन वर्तमान चुक्ता पुँजीको १० प्रतिशतको दरले हुन आउने रकम रु. ८७,४३,७८,४२२/९० बराबरको बोनस शेयर जारी गर्न स्वीकृत गर्ने । बोनस शेयर जारी भए पश्चात बैंकको जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोहि बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख र ग) संशोधन गर्ने,

३. बैंकको नियमावलीको नियम ३२ (१ घ) (संचालकको सुविधा सम्बन्धी व्यवस्था) संशोधन गर्ने,

४. बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी दिने,

(ग) विविध ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

६. **वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तव्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यसपछि, पुर्व निर्धारित छलफलका विषय सुची अनुसारका बुँदाहरु लगायत लेखापरीक्षकको प्रतिवेदन, आ.व. ०७४/०७५ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु सहितको वार्षिक प्रतिवेदन (सहायक कम्पनीहरु समेतको एकीकृत विवरण) तथा आ.व. २०७५/०७६ को संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्दै साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नकालागि अनुरोध गर्नुभयो ।

७. **छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सुचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आफ्नो विचार, मन्तव्य तथा लिखित सुझावहरु राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| १. | श्री विवेक वद्गामिया (प्रतिनिधि एफएमओ, नेदरल्याण्ड्स) | ६. | श्री पशुपति मिश्र |
| २. | श्री टि पुराहरन सि पि रामकृष्णन (प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया) | ७. | श्री विजयदेव पन्त |
| ३. | श्री जेगा देवान एम. नाद्चतिरम (प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया) | ८. | श्री कृष्ण प्रसाद अधिकारी |
| ४. | श्री दामोदर रेग्मी | ९. | श्री संजय शिवाकोटी |
| ५. | श्री गुणराज भट्ट | १०. | श्री चन्द्र नारायण श्रेष्ठ |

९. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा लिखित सुझावहरूको संक्षिप्त विवरण :**

१) **श्री विवेक वदगामिया :** शेयरधनी तथा सभामा उपस्थित प्रतिनिधिहरु समक्ष मेरो भनाई राख्न पाउँदा गौरवान्वित भएको छु । म एफएमओ के हो र यसले के गरि रहेको छ भन्ने विषयमा छोटो कुरा राख्न चाहन्छु । एफएमओको स्थापना सन् १९७० मा डच् गभरमेन्टबाट भएको हो । हालसम्म यसले विश्वको ८४ वटा देशमा आफ्नो लगानी विस्तार गरेको छ । विशेषगरी, यसले Low र Middle Income Country मा लगानी गर्ने गर्दछ । हामी नेपालमा विगत १० बर्ष देखि छौं । सर्वप्रथम क्लिन इनर्जि डेभलप्मेन्ट बैंकमा लगानी गरेका थियौं जुन मर्जर पछि एनएमबि बैंक भएको छ । हामीले एनएमबि बैंकसंग शुरु देखि नै विभिन्न क्षेत्रमा काम गर्दै आएका छौं । बैंकमा Environment and Social System लागु गर्न, देशको मेरुदण्डको रुपमा रहेको जि.डि.पि. मा विशेष योगदान रहेका SME को पोर्टफोलियो वृद्धि गर्न, ग्राहकहरुलाई कुनै समस्या नहोस र बैंकका सबै शाखाहरुबाट ग्राहकहरुले सजिलै सेवा प्राप्त होस भनि शाखा कार्यालयहरुको क्षमता वृद्धि लगायतका क्षेत्रमा हामीले एनएमबि बैंकको साथमा रहेर काम गरि रहेका छौं । एनएमबि बैंकका साथै नेपालकै लागि समेत हाम्रो ठूलो योजना रहेको छ । हामी कृषि, खाद्यान्न, नविकरणीय उर्जा, पानी लगायतका


NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

क्षेत्रहरुमा लगानीको सम्भावनाहरु हेरिरहेको छौं र लगानी समेत गर्नेछौं । *(अङ्ग्रेजी भाषामा व्यक्त गरिएको मन्तव्यलाई नेपालीमा रुपान्तरण गरि संक्षिप्त रुपमा लेखिएको)*

२) **श्री टि पुराहरन सि पि रामकृष्णन :** हामी आज बैंकको प्रगतिका सम्बन्धमा समिक्षा गर्नका लागि जम्मा भएका छौं । संचालक समितिको अध्यक्षको मार्गदर्शन तथा प्रमुख कार्यकारी अधिकृत लगायत बैंक व्यवस्थापनको मिहेनतले बैंकले एक अर्को राम्रो बर्ष शेयरधनीहरुलाई दिएको छ । मलाई लाग्दछ, यसमा शेयरधनीहरुको कुनै गुनासो छैन । बैंकको संस्थापक शेयरधनीको रुपमा हामी बैंकको यो रिजल्टबाट अत्यन्तै खुसी छौं । संचालक समितिका अध्यक्षको मार्गदर्शनमा बैंक ठिक बाटोमा हिडेको छ भन्ने कुरामा हामी पूर्ण विश्वस्त छौं । बैंकलाई यस्तो प्रगतिमा लैजान सकेकोमा बैंक अध्यक्ष, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनलाई धन्यवाद दिन्छौं । *(अङ्ग्रेजी भाषामा व्यक्त गरिएको मन्तव्यलाई नेपालीमा रुपान्तरण गरि संक्षिप्त रुपमा लेखिएको)*

३) **श्री जेगा देवान एम नाद्चतिरम :** सबैलाई नमस्कार । एशियन डेभलपमेन्ट बैंकका पदाधिकारीले डा. पन्तले प्रमोट गरेको नेपालको बैंकमा शेयर लगानी गर्न भन्दा म डराएको थिएं । तर, दुई ठूला राष्ट्र भारत र चीनमा नेपाल रहेकोले यसको भविष्य राम्रो हुने विश्वासका साथ लगानी गर्न त्यस समयमा तत्पर भयौं । नेपालको वर्तमान अवस्था हेर्दा स्वीजरल्याण्ड जस्तै छ । फ्रान्स, जर्मनी र इटालीको बीचमा रहेको स्वीजरल्याण्ड सफल देश भएको र त्यहाँका बैंकर पनि सफल बैंकर भएका छन् । यसकारण, नेपालको बैंकहरुले पनि अझ राम्रो गर्नेछन् । हामीले फाइनान्स कम्पनीदेखि नै लगानीको राम्रो प्रतिफल प्राप्त गर्दै आएका छौं । बैंकको व्यवस्थापन, संचालक समितिका सदस्यहरु, अध्यक्ष र कडा मिहेनत गर्न सक्ने प्रमुख कार्यकारी अधिकृत सुनिल के.सि. ले बैंकलाई निरन्तर प्रगतिमा लगिरहनु भएको छ । म यहाँ पूर्व प्रमुख कार्यकारी अधिकृत उपेन्द्र पौडेलले गरेको सेवालाई समेत सम्झन चाहन्छु । आज यस बैंकले शेयरधनीहरुलाई ३० प्रतिशतको प्रतिफल प्रदान गरेकोमा सबैलाई धन्यवाद दिन चाहन्छु । *(अङ्ग्रेजी भाषामा व्यक्त गरिएको मन्तव्यलाई नेपालीमा रुपान्तरण गरि संक्षिप्त रुपमा लेखिएको)*

४) **श्री दामोदर रेग्मी :** नेपाल धेरै सम्भावना भएको देश भएकाले यहाँ अलिकति मिहेनत गर्ने हो भने धेरै प्राप्त गर्न सकिन्छ । बैंकहरुले सबै सेक्टर कभर गरि सकेका छैनन्, अझ सम्भावनाको क्षेत्रहरु बाँकी नै छन् । लघु वित्तका क्षेत्रमा पनि सम्भावना छ । बैंकले धेरै समय शेयरधनीहरुको अपेक्षा पुरा गरेको छ तर बिगतमा केहि समय बैंकले शेयरधनीहरुको अपेक्षा पुरा नगरेकै हो । अहिले बैंकले राम्रो गरेको छ । कर्जा नोक्सानी व्यवस्था ०.८८ मात्र छ । यसलाई अझ तल झार्न सकिन्छ भन्दै बैंकले यो बर्षको नतिजालाई नघटाउने हो भने फास्ट गियरमा जानु पर्छ भनि सुझाव दिनु भयो । उहाँले अर्को बर्ष यो बर्ष भन्दा राम्रो गर्नुपर्छ । बैंकले प्रदान गरेको लाभांसलाई हेर्दा यो बैंक तेस्रो नम्बरमा परेको छ । अब फर्कनु हुँदैन् भन्दै बैंकले खर्चलाई नियन्त्रण गरि आम्दानी बढाउनु पर्ने, बैंकको अफ्नो प्रोडक्ट बनाउँदै लानुपर्ने लगायतका सुझावहरु समेत दिनुभयो ।

५) **श्री गुणराज भट्ट :** कर्मचारी संचयकोषबाट मेरा मित्र राजेन्द्र सर आउनु भएको रहेछ । उहाँको कार्यकालमा बैंकले अझ प्रगति गर्नेमा विश्वस्त छु भन्दै म एफपिओ किनेको शेयरधनी भएकोले म जस्ता शेयरधनीहरुको लागि यो ९ प्रतिशतको लाभांस मात्र हुन आउँछ, यसकारण अर्को वर्ष देखि कम्तिमा ५० प्रतिशत लाभांश हुनु पर्दछ भन्ने धारणा राख्नु भयो । तपाईहरुले एफपिओ पछि ४५ प्रतिशत लाभांश दिईसक्नु भएको छ, यो प्रगतिको सूचक हो । कर्मचारीहरुलाई तालिम दिन नहिचकिचाउनुहोस, यस्तो लगानी खेर जादैन । ठूलो रकम खर्च गरेर कर्मचारीहरुलाई तालिम दिएको छ भने निश्चित समय बैंकमा काम गर्नुपर्ने गरि वण्ड गराउनुहोस् । एनएफआरएस बमोजिम तयार भएको वित्तीय विवरण तथा प्रतिवेदन शेयरधनीहरुले बुझ्न नसक्ने भएकोले एक्टिभ शेयरधनीहरुको बिचमा यसका विषयमा छलफल गराउनुहोस् । बैंकमा कर्मचारीहरु राम्रा छन्, यस्ता कर्मचारीहरु भएमा बैंकले प्रगति गर्नेछ भन्ने धारणा राख्नु भयो ।

६) **श्री पशुपति भिश्र :** बैंकले राम्रो गरेको र राम्रो प्रतिफल दिएकोमा धन्यवाद दिँदै कृषिजन्य आयातमा राज्यले धेरै खर्च गरि रहेकोले कृषि क्षेत्रमा लगानी गर्न र सो सम्बन्धी तालिम लिन कर्मचारीहरुलाई गाउँघरमा पठाउन सुझाव दिनुभयो । साथै, बैंकले ग्रास रुटबाट काम गरेको हुनाले बैंकमा अनुभवी कर्मचारीहरु रहेका



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

छन् त्यसबाट बैंकले फाईदा लिनुपर्ने, शेयरधनीहरुले पनि सुझावहरु दिन सक्छन् बैंकले ती सुझावहरु लिनुपर्ने, खर्च कटौती गर्नु पर्ने, कर्मचारीलाई दिएको तालिमको आवश्यकता हेर्नु पर्ने लगायतका सुझाहरु दिनु भयो ।

७) **श्री विजय देव पन्त** : हामीले प्रुडेन्सियल फाईनान्स कम्पनीलाई ५० प्रतिशतमा यस बैंकसंग मर्ज गराएका थियौं, आजका दिनमा आएर हाम्रो एनएमबि बैकमा गाभिने निर्णय ठिक थियो भन्ने देखिन्छ । आज बैंकबाट राम्रो रिजल्ट पाएका छौं, त्यसको लागि धन्यवाद भन्नुभयो । एफएमओबाट हामीले जति लिन सक्थ्यो त्यो लिन नसकेको, बैंकले एसएमईमा फोकस गरेको भनेतापनि कर्जा लिन निकै समय लाग्ने गुनासो आएको भन्नुभयो । साथै, अध्यक्षले Unproductive Sector मा कर्जा घटाउने भनि भन्नु भएको छ यो राम्रो कुरा हो भन्नुभयो । उहाँले Operating Cost बढेकोले घटाउनु पर्ने, मुख्य कार्यालय बनाउन भनेर लिएको सम्पत्ति र मर्जरबाट आएको सम्पत्तिको उचित व्यवस्थापन हुनुपर्ने लगायतका सुझावहरु दिदै अर्को बर्ष बैंकले अझ राम्रो गर्न समेत सुझाव दिनुभयो ।

८) **श्री कृष्ण प्रसाद अधिकारी** : साधारण सभा पुष भन्दा अघि नै गरेको भए राम्रो हुने थियो भन्दै हल बाहिर हाजिरी गर्नका लागि लामो लाईन छ विचार गर्नुहोस् भन्नुभयो । एनएफआरएस बमोजिम नेपालीमा प्रतिवेदन तयार गरेकोमा धन्यवाद दिदै यसबारे शेयरधनीहरुलाई बुझाईदिन अनुरोध समेत गर्नुभयो । ३० प्रतिशत लाभांश बाँडेकोमा धन्यवाद दिनुभयो ।

९) **श्री संजय शिवाकोटी** : उहाँले प्रमुख कार्यकारी अधिकृत मार्फत लिखित रुपमा IT Threat न्यूनिकरण गर्न बैंकले आफ्नो कोर बैंकिङ्ग सिस्टममा आवश्यक परिक्षण गरि चुस्त दुरुस्त राख्न आग्रह गर्दै खर्चमा मितव्ययिता अपनाउन सुझाव दिनुभयो । साथै, NFRS Model अर्न्तगत Fixed Assets (Property, Plant and Equipment) लाई Cost model (परल मुल्यमा) देखाईएको कसरी होला, NFRS पूर्ण लागु हुँदा PPE लाई किन Fair Value मा देखाईएको ब्यहोरा अतिरिक्त टिप्पणीमा राखियो, IS Audit Compliance मा काम त्यति भएको छैन । बैंकले Sustinable Development कै नीति अवलम्बन गर्नुपर्ने भनि सुझाव दिनुभयो ।

(१०) **श्री चन्द्र नारायण श्रेष्ठ** : उहाँले प्रमुख कार्यकारी अधिकृत मार्फत लिखित रुपमा खुद नाफा १.८५ अर्ब गरी शेयरधनीहरुलाई १० प्रतिशत वोनस शेयर र २० प्रतिशत नगद लाभांश दिन सकेकोमा धन्यवाद दिदै अन्य बैंकको ब्याज आम्दानी भन्दा एनएमबि बैंकको किन कम भयो, जग्गाको पूनः मुल्याँकन भएन र साविक मुल्यमा नै किन देखाएको होला, अडिटेड र अन अडिटेड मा किन NIP फरक पर्‍यो ? भनि प्रश्न राख्नु भयो । साथै, उहाँले शयेर कारोवार संख्या मात्र दिएकोमा बर्षभरीमा कति कित्ता कारोवार भयो सोको जानकरी दिन समेत अनुरोध गर्नुभयो ।

## १०. शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :

संचालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ :

शेयरधनीहरुबाट उठेका प्रश्न तथा गुनासाहरुका सम्बन्धमा जवाफ दिँदै बैंकका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरुबाट आएको सुझावहरु प्रति आभार व्यक्त गर्दै यहाँहरुले हामीहरुको कमी कमजोरी औंल्याई दिनु भएको छ सोमा आवश्यक सुधारहरु गर्ने नै छौं भन्नुभयो । उहाँले सरकारले समेत कृषि क्षेत्रलाई जोड दिएको वर्तमान अवस्थामा यस बैंकले पनि यहाँहरुको सुझाब अनुसार कृषि क्षेत्रमा लगानी बढाउँदै लगेको र निम्न वर्गका समुदायहरुको समेत उत्थान गर्ने तर्फ जोड दिएका छौं भन्नुभयो । उहाँले बैंकले शेयरधनीहरुको माग बमोजिम Productive Sector मा नै ध्यान दिने र सो क्षेत्रमा लगानी बढाईने छ भनि शेयरधनीहरुलाई आश्वस्त

पार्दै शेयरधनीहरुको अन्य जिज्ञासाहरु तथा प्रश्नहरुको जवाफ दिनका लागि माईक प्रमुख कार्यकारी अधिकृतलाई हस्तान्तरण गर्नुभयो ।

**संचालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

उहाँले बैंक व्यवस्थापनको तर्फबाट सबैलाई धन्यवाद दिँदै शेयरधनीहरुबाट बैंकलाई कसरी अगाडी बढाउनु पर्छ भन्ने सम्बन्धमा आएको सुझाव प्रति आभार व्यक्त गर्दछु भन्नुभयो । शेयरधनीहरुले आफ्नो बैंक सम्झेर गरेको सहयोगबाट नै बैंकले यस बर्ष पनि बैंक अफ दि ईयरको उपाधी प्राप्त गर्न सकेको हो भन्दै शेयरधनीहरुबाट आएको प्रश्न तथा जिज्ञासाहरुमा निम्न बमोजिमको जवाफ तथा धारणा राख्नुभयो ।

- आगामी बर्ष अझ राम्रो गर्ने गरि काम गरि रहेका छौं ।
- यस बैंकले अन्य बैंकहरु भन्दा फरक किसिमले देशको आर्थिक अवस्थामा समेत योगदान पुऱ्याउने गरि काम गरि रहेको छ । बैंकले Long Term Effect हुने र आयातलाई घटाउन मद्दत गर्ने हाइड्रो, सिमेन्ट उद्योग, कृषि, शिक्षा लगायतका क्षेत्रहरुमा लगानी गरिरहेको र यहि कारणले पनि बैंकले Bank of the year Award पाएको हो ।
- NPA नेपालको बैंकिङ्ग क्षेत्रको हिसाबले कम रहेको र स्प्रेडदर बढाउन बैंकले ध्यान दिनेछ ।
- बैंकले कर्जा तथा निक्षेपका फरक प्रोड्क्टहरु ग्राहकहरुलाई दिई रहेको छ । साना तथा मझौला कर्जा तर्फ केन्द्रित भई कार्य गरिरहेका छौं र सोका लागि बिदेशी परामर्शदाताहरुको सहयोग लिई काम गरि रहेको छौ ।
- बैंकको खर्च बैंकको प्रगती अनुसार नै रहेको छ ।
- एफपिओ पछि बैंकले दिएको लाभांश अन्य संस्थाले एफपिओ पछि दिएको लाभांश भन्दा राम्रो रहेकोछ ।
- एनएफआरएस बमोजिम वित्तीय विवरण तयार गरिएको छ ।

अन्त्यमा उहाँले शेयरधनीहरुबाट प्राप्त सुझाव, सल्लाह तथा प्रेरणाबाट अर्को बर्ष बैंकले यो भन्दा पनि राम्रो गर्ने अपेक्षा गरेका छौं भन्नुभयो ।

११. **सभाबाट पारित प्रस्तावहरू :**

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको देहायका प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिमको प्रस्तावहरू पारित गर्नुभयो ।

(क) **सामान्य प्रस्ताव :**

(१) तेईसौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन आ.व. २०७४/७५ सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(२) बाईसौं वार्षिक साधारण सभाबाट नियुक्त लेखापरीक्षक श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्टले बैंकको आ.व.२०७४/७५ को आर्थिक कारोवारको लेखापरीक्षण गरी प्राप्त लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/७५ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु तथा सहायक कम्पनीहरुको एकिकृत विवरण समेत पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.ब. ०७५/०७६ को लागि बैंकको लेखापरीक्षण गर्न श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्टलाई लेखापरीक्षकमा रू.९,९०,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(४) सञ्चालक समितिबाट पारित भए बमोजिम बैंकको वर्तमान चुक्ता पूँजीको २० (बीस प्रतिशत) का दरले हुन आउने रकम रु. १,७४,८७,५६,८४६/- (अक्षेरेपी एक अरब चौहत्तर करोड सतासी लाख छप्पन्न हजार आठ सय छयालीस) नगद लाभांश वितरणको प्रस्ताव स्वीकृत गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख) **विशेष प्रस्ताव :**

(१) बैंकको वर्तमान जारी पूँजी रु.८,७४,३७,८४,२२९।०६ (अक्षेरेपि रु. आठ अरब चौहत्तर करोड सैंतीस लाख चौरासी हजार दुई सय उनन्तीस र पैसा छ मात्र) बाट बृद्धि गरी रु.९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि रु. नौ अरब एकसट्ठी करोड एकासी लाख बैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(२) बैंकको जारी पुँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पुँजी पुऱ्याउन वर्तमान चुक्ता पुँजीको १० प्रतिशतको दरले हुन आउने रकम रु. ८७,४३,७८,४२२/९० बराबरको बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्दै बोनस शेयर जारी भए पश्चात बैंकको जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम बैंकको प्रवन्धपत्रको दफा ६ (ख) र (ग) देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

दफा ६ (ख) मा हाल रहेको "बैंकको जारी पूँजी रु.८,७४,३७,८४,२२९।०६ (अक्षेरेपि रु. आठ अरब चौहत्तर करोड सैंतीस लाख चौरासी हजार दुई सय उनन्तीस र पैसा छ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ८,७४,३७,८४२.२९ (अक्षेरेपि आठ करोड चौहत्तर लाख सैंतीस हजार आठ सय बयालीस दशमलव उनन्तीस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको जारी पूँजी रु.९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि रु. नौ अरब एकसट्ठी करोड एकासी लाख बैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ९,६१,८१,६२६.५१ (अक्षेरेपि नौ करोड एकसट्ठी लाख एकासी हजार छ सय छब्बीस दशमलव एकाउन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।

दफा ६ (ग) मा हाल रहेको "बैंकको चुक्ता पूँजी रु.८,७४,३७,८४,२२९।०६ (अक्षेरेपि रु. आठ अरब चौहत्तर करोड सैंतीस लाख चौरासी हजार दुई सय उनन्तीस र पैसा छ मात्र) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको चुक्ता पूँजी रु.९,६१,८१,६२,६५१।९६ (अक्षेरेपि रु. नौ अरब एकसट्ठी करोड एकासी लाख बैसट्ठी हजार छ सय एकाउन्न र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

(३) बैंकको नियमावलीको नियम ३२ उप नियम १ को (घ) मा संशोधन गरि संचालकहरुलाई टेलिफोन, मोबाईल र पत्रपत्रिका वापत दिई आएको खर्च बृद्धि गर्ने प्रस्ताव बाईसौं वार्षिक साधारण सभामा पेश भई उक्त साधारण सभाबाट अर्को साधारण सभामा पेश गर्न भएको अनुरोध बमोजिम यस तेईसौं वार्षिक साधारण सभामा पेश भई नियम ३२ उप नियम १ को (घ) मा हाल रहेको "सञ्चालकहरुलाई टेलिफोन, मोबाईल र पत्रपत्रिकाको खर्चवापत मासिक रु.८,०००/- (अक्षेरेपि रु. आठ हजार मात्र) भुक्तानी दिईनेछ" भन्ने व्यवस्थालाई संशोधन गरि "सञ्चालकहरुलाई टेलिफोन, मोबाईल र पत्रपत्रिकाको खर्चवापत मासिक रु.१५,०००/- (अक्षेरेपि रु. पन्ध्र हजार मात्र) उपलब्ध गराईनेछ" भन्ने व्यवस्था कायम गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(४) बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

(ग) **विविधः** विविध तर्फ छलफलको विषय नभएको ।

१२. **धन्यवाद ज्ञापन :**

आजको साधारण सभा सौहाद्रपूर्ण बातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, संचालक समितिका सदस्यहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको २३औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. **सभा विसर्जन :**

तेईसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको व्यहोरा प्राप्त भएपछि सम्पूर्ण उपस्थित महानुभावहरुलाई सभा सम्पन्न भएकोमा बधाई ज्ञापन गर्दै बैंकका सञ्चालक समतिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले दिनको १:०० बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

द. ----------
प्रमोद कुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

द. ----------
पवन कुमार गोल्याण
अध्यक्ष